नेपाली राजदूतावास
EMBASSY OF NEPAL
EMBAJADA DE NEPAL
Madrid, Spain

राहदानीको लागि फाराम भर्ने सरलीकृत तरिका

1थर

यस महलमा नागरिकता वा पुरानो राहदानीमा भएको आफ्नो थर भर्ने, (नागरिकतामा पतिको थर उल्लेख नभएको तर विवाह दर्ता प्रमाणपत्रभएको हकमा पतिको थर वा दुवै थर भर्न मिल्ने)।

2 नाम

यस महलमा आफ्नो नागरिकता वा पुरानो राहदानीमा उल्लेख भएको पहिलो र बिचको नाम भर्ने ।

3 जन्मस्थान

यस महलमा नेपालमा जन्मिएकाहरुको हकमा आफुजन्मिएको जिल्लाको नाम र विदेशको हकमा आफु जन्मिएको मुलुकको नाम उल्लेख गर्ने। उदाहरएणको लागि नेपालको जुम्ला जिल्लामा जन्मिएकाहरुले JUMLA भर्ने र स्पेनको भ्यालेन्सियामा जन्मिएकाहरुले SPAIN भर्ने।

4 राष्ट्रियता

यस महलमा NEPALESE भर्ने।

5A जन्म मिति इ.सं

यस महलमा इ.सं मा साल, महिना र गते क्रमश भर्ने जस्तै ( 20200101)।

5B जन्म मिति बि.सं

यस महलमा नागरिकता, नावालिग परिचयपत्र वा जन्मदर्तामा उल्लिखित मिति साल, महिना र गते क्रमश भर्ने जस्तै (20561015)।

6 लिङ्ग

यस महलमा महिलाले (F) पुरुषले (M) र अन्यले (O) भर्ने।

7 नागरिकता वा अनुमति पत्र नं

यस महलमा बालिगहरुले नागरिकतामा उल्लेख भएको ना.प्र.नं,नावालिगको हकमा नेपालमै जन्मिएकाको हकमा नावालिक परिचयपत्र नं भर्ने र विदेशमा जन्मिएकाको हकमा दूतावासले प्रदान गरेको अस्थाइ दर्ता नं प्रयोग गर्ने।

C/ Manuel Gascón, 4 -28043 Madrid. Phone No.0034-911038285, Fax:0034-911038289
E-mail: eonmadrid@mofa.gov.np

8 जारी मिति

यस महलमा नागरिकता,नावालिक परिचयपत्र वा जन्मदर्ता परिचयपत्रमा उल्लेख भएको जारी मिति साल,महिना,र गते क्रमश भर्ने जस्तै (20760112)

9 जारी भएको स्थान

यस महलमा नेपालबाट जारी भएको हकमा सम्बन्धित जिल्लको नाम र दूतावासबाट नम्बर लिएको बच्चाको हकमा म्याड्रिड भर्ने।

10 पुरानो राहदानी वा यात्रा अनुमति पत्र नं

यस महलमा पुरानो राहदानी नं भर्ने ।

10A जारी मिति इ.सं

यस महलमा पुरानो राहदानीमा उल्लिखित जारी मिति भर्ने।

10B जारी भएको स्थान

यस महलमा पुरानो राहदानीमा उल्लिखित जारी भएको जिल्ला वा देशको नाम भर्ने जस्तै (नेपालमा राहदानी विभागबाट राहदानी लिनेको हकमा KATHMANDU भर्ने र स्पेनबाट पुरानो राहदानी जारी भएको हकमा MADRID भर्ने)।

11 ठेगाना

11 A जिल्ला

यस महलमा नागरिकता वा नावालिक परिचयपत्र वा पुरानो राहदानीमा उल्लिखित आफ्नो स्थाइ ठेगाना भएको जिल्लाको नाम भर्ने।

11B न.पा./गा.वि.स

यस महलमा नागरिकता वा नावालिक परिचयपत्र वा आफ्नो पुरानो राहदानीमा उल्लिखित आफ्नो स्थाइ ठेगाना भएको नगरपालिका वा गाउँपालिकाकको नाम भर्ने ।

11C वडा नं

यस महलमा नागरिकता वा नावालिक परिचयपत्र वा आफ्नो पुरानो राहदानीमा उल्लिखित आफ्नो स्थाइ ठेगाना भएको वडा नं भर्ने।

11D टोल

यस महलमा नागरिकता वा नावालिक परिचयपत्र वा आफ्नो पुरानो राहदानीमा उल्लिखित आफ्नो स्थायी ठेगाना भएको स्थानिय टोलको नाम भर्ने।

12 इ- मेल

यस महलमा इ-मेल आइ डि भर्ने

13 फोन नं

यस महलमा आफ्नो फोन नं भर्ने

**14 आपत परेमा खवर गर्ने निकटम व्यक्ति**

14 A नाम, थर

यस महलमा आफूले चाहेको आपत परेमा खबर गर्ने निकटतम व्यक्तिको पुरा नाम, थर भर्ने। यस महलमा यथासम्भव आफ्नो परिवारका सदस्य वा नातेदारको नाम उल्लेख गर्न उपयुक्त हुने।

**14 B ठेगाना**

14 C जिल्ला

यस महलमा आपत परेमा खवर गर्ने निकटतम व्यक्तिको नेपालको स्थायी ठेगाना भएको जिल्ला भर्ने

14D न. पा/ गा.वि.स

यस महलमा आपत परेमा खवर गर्ने निकटतम व्यक्तिको नेपालको स्थायी ठेगाना भएको नगरपालिका वा गाउँपालिकाको नाम भर्ने।

14 E वडा.नं

यस महलमा आपत परेमा खवर गर्ने निकटतम व्यक्तिको नेपालको स्थायी ठेगाना भएको वडा नं भर्ने।

14F टोल

यस महलमा आपत परेमा खवर गर्ने निकटतम व्यक्तिको नेपालको स्थानिय टोलको नाम भर्ने।

15 नाता

यस महलमा महल नं 14 A मा उल्लेख भएको व्यक्तिसँगको नाता सम्बन्ध उल्लेख गर्ने।

16 फोन नं

यस महलमा आपत परेमा खबर गर्ने निकटतम व्यक्तिको फोन नं भर्ने।

17 इ- मेल

यस महलमा आपत परेमा खबर गर्ने निकटतम व्यक्तिको इ- मेल भर्ने।

औँठा छाप

तोकिएको वक्समा दाया, बाँया कतै पनि नछुने गरी आवेदकले औँठा छाप लगाउने। ५ वर्षभ्नदा मुनिका नावालकको हकमा अनिवार्य नभएको।

निवेदकको सहि

तोकिएको वक्समा दाया, बाँया कतै पनि नछुने गरी आवेदकले हस्ताक्षेर गर्ने । ५ वर्षभ्नदा मुनिका नावालक / निरक्षर भएमा हस्ताक्षर गर्नु नपर्ने बाक्सामा × चिन्ह लगाउनु पर्नेछ।

द्रष्टाव्य

क. * संकेत भएका महलमा विवरणहरु अनिवार्य रुपमा भर्नु पर्नेछ।

ख. A4 size paper मा Actual size मा click गरेर प्रन्ट गर्ने।